पैयूँ गाउँपालिका
गाउँ कार्यपालिका बैठक

सम्वत् २०८१।०५।०६ गते आ.ब. २०८१/८२ बैठक क्र.सं.३

आज मिति २०८१।०५।०६ गते पैयूँ गाउँपालिकाका अध्यक्ष एवम् गाउँकार्यपालिकाका अध्यक्ष श्री तोरण मल्ल ठकुरी ज्यूको अध्यक्षतामा देहाय बमोजिम सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

| सि.नं. | नाम | पद | कार्यपालिकाको पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री तोरण मल्ल ठकुरी | अध्यक्ष | अध्यक्ष | | |
| २ | श्री याम कुमारी राना | उपाध्यक्ष | सदस्य | | |
| ३ | श्री मिन प्रसाद न्यौपाने | १ नं. वडा अध्यक्ष | सदस्य | | |
| ४ | श्री नरभूपाल काफ्ले | २ नं. वडा अध्यक्ष | सदस्य | | |
| ५ | श्री चन्द्र बहादुर थापा | ३ नं. वडा अध्यक्ष | सदस्य | | |
| ६ | श्री टुकलाल न्यौपाने | ४ नं. वडा अध्यक्ष | सदस्य | | |
| ७ | श्री नारायण भुर्तेल | ५ नं. वडा अध्यक्ष | सदस्य | | |
| ८ | श्री गंगाधर अधिकारी | ६ नं. वडा अध्यक्ष | सदस्य | | |
| ९ | श्री तोयनाथ शर्मा | ७ नं. वडा अध्यक्ष | सदस्य | | |
| १० | श्री मिठु क्षेत्री | ३ नं. वडा महिला सदस्य | सदस्य | | |
| ११ | श्री चन्द्रकला न्यौपाने | ६ नं. वडा महिला सदस्य | सदस्य | | |
| १२ | श्री सर्मिला नेपाली | ४ नं.वडा दलित महिला सदस्य | सदस्य | | |
| १३ | श्री उमादेवी बि.क. | ५ नं.वडा दलित महिला सदस्य | सदस्य | | |
| १४ | श्री फूलमाया सुनार | दलित सदस्य | सदस्य | | |
| १५ | श्री बविता हिताङ | दलित सदस्य | सदस्य | | |
| १६ | श्री राजीव रिमाल | प्रमुख प्रशासकीय अधिकृत | सचिव | | |
| १७ | सरिता डुम्रे | लेखा अधिकृत | अन्य उपस्थिति | | |
| १८ | सुरज अधिकारी | प्रशासन अधिकृत | अन्य उपस्थिति | | |

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिकाको बैठक

सम्वत् २०८१।०५।०६ गते                                        आ.ब. २०८१/८२ बैठक क्र.सं.०३

निर्णयहरु:-

१ यस गाउँपालिकाको क्षेत्र भित्र उत्सर्जन भई सङ्कलन भएका कवाडि समानको निकासी कर सङ्कलनको लागि गत आ.व.०८०/८१मा लागेको ठेक्का रकम रु.१,००,७००।मा १० प्रतिशत रकम थप गरी हुन आउने रकम रु. १,१०,७७०।(अक्षरेपी एक लाख दश हजार सात सय सत्तरी मात्र) लाई ठेक्काको न्यूनतम कबोल अङ्क कायम गर्न स्थानीय राजश्व परामर्श समितिको मिति २०८१।०४।२७ गतेको बैठकको निर्णयबाट सिफारिस भइआए बमोजिम ठेक्काको न्यूनतम अङ्क रु.११०७७०।(अक्षरेपी एक लाख दश हजार सात सय सत्तरी मात्र) कायम राखि सिलबन्दी दरभाउ पत्र आह्वान गर्ने निर्णय गरियो ।

२ सेदी खोलामा ढुङ्गा, गिट्टी, बालुवा आदिको उत्खनन् तथा विक्री कर सङ्कलनको लागि आइ.इ.इ. प्रतिवेदन अनुसार तोकिएको स्थानहरु मध्ये नायसायव स्थानमा पर्ने टकलाक टार सिंचाई कुलोका उपभोक्ताहरुबाट ढुङ्गा, गिट्टी बालुवा उत्खनन् गर्दा सिंचाई कुलोको मुहनमा क्षती हुने भनी गाउँपालिकालाई दिएको निबेदन अनुसार उक्त स्थान बाहेकका तोकिएको स्थानहरुबाट आ.व.०८१/८२ का लागि ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा बिक्रि कर संकलन गर्न ठेक्का आह्वान गर्ने निर्णय गरियो।

३ गाउँपालिकाको नव निर्मित प्रशासकीय भवन उद्घाटन गर्दा लागेको खर्च रु. ९,५७,७२३।(अक्षरेपी नौ लाख सन्ताउन्न हजार सात सय तेइस मात्र) विल भर्पाईको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

४ प्रशासकीय भवन उद्घाटन कार्यक्रममा आमन्त्रित कलाकार र सांस्कृतिक झाँकीहरुलाई देहाय बमोजिम पारिश्रमिक भुक्तानी दिने निर्णय गरियो ।

- भुमिका गिरी रु. ५० हजार
- बिमलराज क्षेत्री रु.४० हजार
- रेणु राना मगर रु.३० हजार
- वडा नं. ४ र ५ का पञ्चेबाजा टोलीलाई रु. १०/१० हजार
- वडा नं. ४ र ५ का लाखे टोलीलाई रु. २०/२० हजार
- वडा नं. १ र ६ का भजन मण्डलीलाई रु. १०/१० हजार

५ यस गाउँपालिकाले भडामा लिइ प्रशासकीय कार्य सञ्चालन गर्दै आएका श्री पूर्ण प्रसाद न्यौपाने र श्री बोमकला शर्माको घरको सुरुको सम्झौतामा उल्लेख भए बमोजिम मर्मत तथा सम्भार गर्न प्राविधिकको मूल्याङ्कनका आधारमा भुक्तानी दिने निर्णय गरियो।

तोरण मल्ल ठकुरी

६ प्राकृतिक तथा दैवी प्रकोपमा परी पिडित भएका व्यक्तिहरुबाट गाउँपालिकामा राहतका लागि पेश भएका निवेदनहरु जिल्ला प्रशासन कार्यालय पर्वतमा पठाउने र बाँकी रहेका पिडितहरुलाई गाउँपालिकाबाट भुक्तानी दिने निर्णय गरियो।

७ पैयूँ गाउँपालिका वडा नं. ६ मा रहेको श्री लक्ष्मीभवन आधारभूत विद्यालय मिति २०८१।०३।२२ गतेको पहिरोका कारण क्षतिग्रस्त भई विद्यालय सञ्चालन गर्न कठिनाइ भएकोले उक्त विद्यालय सञ्चालन गर्न गाउँपालिकाबाट तपसिल बमोजिमका सामानहरु उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१. डेक्स बेन्च पाँच सेट (खरिद गरी)
२. कुर्सी पाँच थान (कार्यालयको मौज्दातबाट)
३. दराज एक थान (कार्यालयको मौज्दातबाट)
४. कम्प्युटर एक थान (खरिद गरी)
५. प्रिन्टर एक थान (खरिद गरी)
६. टेबुल दुई थान (कार्यालयको मौज्दातबाट)
७. कार्पेट दुई वटा कोठाको लागी (खरिद गरी)

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

तोरण प्रसाद ठकुरी
अध्यक्ष